## आ.व २०८१/८२ को उन्नाईसौं कार्यपालिका बैठक

आज मिति २०८१/१२/२१ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन ।

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री प्रकाश विष्ट , राप्ती गाउँकार्यपालिका । | अध्यक्ष | |
| श्री कमलापति चौधरी , राप्ती गाउँकार्यपालिका । | उपाध्यक्ष | |
| श्री गेमे खड्का, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री रिम बहादुर सुनारी मगर,राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । | सदस्य | पार्वती |
| श्री चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । | सदस्य | चम्फा |
| श्री रण बहादुर पुजाली सार्की , राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री गिता चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री संजिव परियार, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री देविराम पाठक, राप्ती गाउँपालिका | सदस्य सचिव | |
| | आमन्त्रित | |
| श्री सीता पौडेल, राप्ती गाउँपालिका | सहायकपाचौ(प्रशासन) | |
| श्री श्याम राज अधिकारी | आ.प्र.शाखा प्र | |
| श्री बालचन्द्र गुरुङ | सूचना प्र. अधिकृत | |
| | | |
| | | |

CamScanner

**मिति २०८१/१२/२१ गते बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु:**

१- सार्वजनिक सुनुवाई सम्बन्धमा।

२- घाटको ठेक्का सम्बन्धमा।

३- शिक्षक दरवन्दि मिलान तथा पालिकास्तरिय खेलकुख सम्बन्धमा।

४- अध्यक्ष कप / राष्ट्री कप फुटबल प्रतियोगिता तथा अन्य विधागत प्रतियोगिता सम्बन्धमा।

५- बाख्रा श्रोत केन्द्र कार्यक्रम अन्तर्गत लाभग्राही छनौट तथा अनुदान सम्झौता सम्बन्धमा।

६- कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत लाभग्राही छनौटका निर्णय अनुमोदन सम्बन्धमा।

७- आर्थिक सहयोग सम्बन्धमा।

८- सहमति प्रदान सम्बन्धमा।

९- मेला सञ्चालनको लागि अनुमति प्रदान गर्ने तथा शर्त सम्बन्धमा।

१०- भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरुको वडाबाट प्रमाणीकरण भएको विवरण अनुमोदन सम्बन्धमा।

११- सडक तथा सार्वजनिक स्थानहरूको मर्मत सम्भारका लागि ग्याविन जाली खरिद सम्बन्धी।

१२- वडाबाट सिफारिस भएका बेरोजगारको विवरण अनुमोदन सम्बन्धमा।

१३- कार्यक्रम सञ्चालनका लागि स्वीकृत प्रदान गर्ने सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**मिति २०८१/१२/२१ गते राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठका निर्णयहरु।**

**निर्णय नं. १**

राप्ती गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई चैत्र ३१ गते वडा नं. ७ को भानपुरमा बिहान ७:०० बजे आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

राप्ती गाउँपालिका स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको स्विकृतीमा २०८१/११/२७ मा EGP मार्फत खोलिएको आय ठेक्काको ठेक्का नं. *RAPTI/REV/03/2081/82*, *RAPTI/REV/04/2081/82*, *RAPTI/REV/05/2081/82*, *RAPTI/REV/06/2081/82*, *RAPTI/REV/07/2081/82* मा पुन:७ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा माध्यमिक तह (कक्षा ९–१०) तथा आधारभूत तह (कक्षा ६–८) का शिक्षक दरबन्दी मिलान तथा विद्यालयहरूमा दरबन्दी तथा अनुदान पुनर्वितरणको कार्य सम्पन्न भइसकेको साथै प्राथमिक तह (कक्षा १–५) र माध्यमिक तह (कक्षा ११–१२) को दरबन्दी पुनर्वितरणको कार्यसमेत पूरा भइसकेको सन्दर्भमा बाँकी रहेको प्राथमिक तह कक्षा १-५ र माध्यमिक तह ११-१२ को शिक्षक मिलान (स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षक सिकाइ अनुदान तथा गाउँपालिका अनुदान) सम्बन्धी कार्य गर्ने गरी प्रकृया अगाडि बढाउन देहाय बमोजिम कार्यदल गठन गर्ने, उक्त कार्यदलको कार्यावधी २०८२ सालको वैशाख मसान्तसम्म तोक्ने र कार्यदलका पदाधिकारीहरुको सेवा सुविधा निम्नानुसार कायम गर्ने।

***कार्यदल***

संयोजक श्री पहलवान चौधरी, सामाजिक विकास समिति संयोजक  
सदस्य श्री रण बहादुर पुजाली,गाउँ शिक्षा समिति सदस्य  
सदस्य श्री गिता चौधरी, गाउँ शिक्षा समिति सदस्य  
सदस्य श्री भरत मणि न्यौपाने, गाउँ शिक्षा समिति सदस्य  
सदस्य श्री केशवराज खनाल, गाउँ शिक्षा समिति सदस्य  
सदस्य श्री भिम मरासिनी, गाउँ शिक्षा समिति सदस्य  
सदस्य श्री कुलराज जैसी, गाउँ शिक्षा समिति सदस्य  
सदस्य श्री मंगल प्रसाद चौधरी, अध्यक्ष नेपाल शिक्षा संघ  
सदस्य श्री कृष्ण बहादुर बुढा, अध्यक्ष एकिकृत अखिल नेपाल शिक्षक संगठन  
सदस्य श्री लोकेन्द्र के सी, अध्यक्ष नेपाल राष्ट्रिय शिक्षक संगठन  
सदस्य श्री रामकृष्ण पौडेल,अध्यक्ष नेपाल शिक्षक संगठन  
सदस्य श्री धनिराम घर्ति मगर, अध्यक्ष अखिल नेपाल शिक्षक संगठन  
सदस्य सचिव श्री विश्वास वि क, शिक्षा युवा तथा तथा खेलकुद शाखा प्रमुख

*बैठक भत्ता बापत प्रति बैठक रु १०००।–*  
*संचार खर्च प्रति व्यक्ति रु ५००।–*  
*यातायात खर्च बैठक बसेको दिनको प्रतिव्यक्ति रु २००।–*

दे... पाठक  
प्र... अधिकृत

CamScanner

**निर्णय नं. ४**

आ व २०८१/८२ को शिक्षा क्षेत्रको वार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रपति रनिङशिल्ड, अध्यक्ष कप / राप्ती कप खेलकुद प्रतियोगिता, खेल सहभागिता खेलकुद क्षेत्रसंग सहकार्य प्रतियोगिता आयोजना शिर्षक बाट राप्ती गाउँपालिकास्तरिय अध्यक्ष कप / राप्ती कप फुटबल प्रतियोगिता तथा अन्य विधागत प्रतियोगिताहरु निम्नानुसार सञ्चालन गर्ने ।

१. अध्यक्ष कप फुटबल प्रतियोगिता (महिला र पुरुष ) मा विजेता टिमलाई ४०,०००/– र उपविजेता टिम ३००००/– करसहित अन्य खर्च प्रस्ताव बमोजिम गर्ने र प्रतियोगिता मिति २०८२/०१/०३ देखि ५ गतेसम्म राप्ती २ लालमटियाको खेलमैदानमा सञ्चालन गर्ने ।

२. भलिबल/क्रिकेट/कबड्डी खेल प्रतियोगिताका लागि प्रति खेल १,००,०००/– सम्बन्धित खेल समूह/समितिसँग सहकार्य गरी सञ्चालन गर्ने ।

**निर्णय नं. ५**

राप्ती गाउँपालिकाको आ. व. २०८१/०८२ को सङ्घीय शशर्त अनुदान बाख्रा श्रोत केन्द्र कार्यक्रमको लाभग्राही छनौटकालागि मिति २०८१/१२/०६ गते बसेको राप्ती गाउँपालिकास्तरीय पशु विकास कार्यदलको बैठकको निर्णयलाई अनमोदन गरीयो । साथै तपसिल बमोजिमको रकम उपलब्ध गराउने गरी कार्यालयले सम्झौता गर्ने निर्णय गरियो ।

**तपसिलः**

१.राप्ती बहुउदेश्यिय कृषि सहकारी संस्था लि. राप्ती - ९ रु:१,४५,०००।–

२.रिमझिम बाख्रापालन समूह राप्ती - ४ रु:१,१५,०००।–

३ परिवर्तन बाख्रापालन समूह राप्ती - ४ रु. १,११५,०००।–

४ आजात बहुउद्वेस्यिय कृषि तथा पशुपन्छी फार्म राप्ती - ७ रु:५०,०००।–

५. भुल्के बंगुर तथा पशुपन्छी फार्म राप्ती - ५, रु:५०,०००।–

**निर्णय नं. ६**

लुम्बिनी प्रदेश सरकार शशर्त अनुदान आर्थिक वर्ष २०८१/०८२ को स्विकृत कार्यक्रम बमोजिम कृषि यान्त्रीकरण कार्यक्रमको लाभग्राही छनौटका लागि मिति २०८१/१२/१३ गते बसेको आर्थिक विकास समितिको बैठकबाट लाभग्राही छनौट सम्बन्धी निर्णय अनमोदन गर्ने ।

**निर्णय नं. ७**

- सत्गौवा थारु समाजलाई आर्थिक सहयोग बापत रु. ३०,०००/- प्रदान गर्ने ।
- दाङ सोसाईटी क्लव घोराही दाङलाई सहयोग बापत रु. १०,०००/- प्रदान गर्ने ।
- वडा नं. ३ को सिफारिस अनुसार सहयोग माग भई आएको हुँदा गाउँपालिकाबाट श्री हरिचन्द्र चौधरीलाई उपचार खर्चबापत रु. ५,०००/- प्रदान गर्ने ।

**निर्णय नं. ८**

नामसालिङ सामुदायिक विकास केन्द्रबाट यस वर्षका लागि प्रस्तावित कार्यक्रम संचालन गर्न सहमति प्रदान दिने ।

**निर्णय नं. ९**

मिति २०८१ चैत्र ३१ देखि २०८२ बैशाख ३ गते सम्म राप्ती गाउँपालिका वडा नं. ३ बसन्तापुरमा पर्ने शिव मन्दिर, स्विजरल्यान्ड पार्कमा व्यापारिक तथा रमाईलो मेला संचालन गर्ने अनुमतिका लागि सिफारिस भई आएकोले उक्त मेला सञ्चालनका लागि तपशिल बमोजिम शर्तहरु पालना गर्ने गरि अनुमति प्रदान गर्ने ।

***व्यापारिक तथा रमाईलो मेला सञ्चालनका लागि शर्तहरु:***

- मेलामा स्थानीय उत्पादनका स्टललाई प्राथमिकता दिनुपर्नेछ। साथै, मेलाले नेपाली राष्ट्रिय साहित्य, कला, र भाषालाई प्रोत्साहन गर्ने सांस्कृतिक गतिविधि समेट्नुपर्नेछ ।
- मेलाको सञ्चालन अवधिभर र समापनपछि मेला स्थलको पूर्ण सफाईको जिम्मेवारी आयोजकले लिनुपर्नेछ। मेला स्थलमा उत्पादित फोहोरको व्यवस्थापन अनिवार्य रुपमा गर्नु पर्ने ।
- सुरक्षा निकायसँग समन्वय गरी मेला स्थलमा शान्ति सुरक्षा कायम गर्नुपर्नेछ। लागुऔषध, मादक पदार्थ, सुर्तीजन्य पदार्थको बिक्री/वितरण तथा जुवा, तास, र अश्लील गतिविधि संचालन गर्न पाईने छैन ।
- महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्नेछ। आकस्मिक द्वार, प्राथमिक उपचार केन्द्र, दमकल, र आपतकालीन सेवाको व्यवस्था अनिवार्य गर्नु पर्ने छ ।
- स्वयंसेवक र सुरक्षाकर्मी परिचालन गरी भीड व्यवस्थापन गर्नुपर्नेछ। सूचना प्रणालीमार्फत सार्वजनिक सूचना प्रवाह सुनिश्चित गर्नुपर्नेछ ।
- मेला सञ्चालन गर्दा वातावरणीय सन्तुलनमा खलल नपर्ने र स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डहरूको पालना गर्नु पर्ने छ ।
- मेलाले सामाजिक, सांस्कृतिक, र साम्प्रदायिक सौहार्दता कायम राख्ने गरी सञ्चालन गर्नुपर्नेछ ।
- शैक्षिक संस्थालाई असर गर्ने कुनै गतिविधि गर्न पाईने छैन । नागरिकको सुरक्षामा विशेष ध्यान दिनुपर्नेछ

**निर्णय नं. १०**

यस गाउँपालिका भित्र बसोबास गर्ने भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरूको संकलित विवरण अनुसार, विभिन्न मितिमा सबै वडामा प्रमाणीकरणको लागि प्रकाशित ७ दिने सूचना अनुसार कुनै दावी विरोधमा नपरेको भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरूको वडास्तरीय सहजिकरण समिति मार्फत प्रमाणीकरण प्रक्रिया सम्पन्न भएको विवरणलाई कार्यपालिकाबाट अनुमोदन गरी भूमि समस्या समाधान आयोग जिल्ला समिति दाङमा पठाउने ।

**निर्णय नं. ११**

गाउँपालिकाका अन्तर्गत सडक लगायतका स्थानहरुमा मर्मत संम्भारका लागि मर्मत सम्भार कोषबाट खर्च हुने गरी विभिन्न साईजमा १००(सय) थान ग्याविन जाली खरिद गर्ने ।

**निर्णय नं. १२**

आर्थिक वर्ष २०८२/०८३ का लागि वडाबाट सिफारिस भई कार्यालयमा प्राप्त बेरोजगार फारमहरू अध्ययन गरी सम्बन्धित व्यक्ति साँचोमा बेरोजगार रहेको पुष्टि भएकाले उक्त फारमहरू अनमोदन गर्ने ।

**निर्णय नं. १३**

यस गाउँपालिका क्षेत्रभित्र सामाजिक सशक्तिकरण परियोजनाको कार्यान्वयन अन्तर्गत विपन्न, पिछडिएका तथा सिमान्तकृत समुदायहरूलाई लक्षित गरी स्वास्थ्य, शिक्षा तथा स्वरोजगारमुखी तालिम सञ्चालन गर्न 'होसन्ना सेवकाई नेपाल' लाई आर्थिक वर्ष २०८१ बैशाख १ गतेदेखि २०८४ चैत्र ३० गतेसम्मको अवधि सम्मका लागि स्वीकृति प्रदान गर्ने ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

CamScanner